

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ १० गते मंगलबार ❑ 24 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## अदुवाको बीउमै दुई करोड भ्रष्टाचार, गल्याङका पूर्वप्रमुखविरुद्ध मुद्दा दायर

**रासस**
**काठमाडौं, ९ माघ**

किसानलाई आर्थिकरूपमा सबल बनाउने र कृषि उत्पादन बढाउने नाममा स्थानीय सरकार र कर्मचारीले मिलेर सरकारी स्रोतको दुरुपयोग गरेको घटना यत्रतत्र सार्वजनिक हुने गरेको छ।

अ ि ख त य ा र दुरुपयोग अनुसन्धान आयोगले सोमबार विशेष अदालतमा दायर गरेको एउटा मुद्दाले पनि सोही कुराको पुष्टि गरेको छ।

स्याङ्जाको गल्याङ नगरपालिकामा पनि यस्तै भएको छ। अदुवाको बीउ खरिद लागत अनुमान कानूनबमोजिम नभएको भनी परेको उजुरीमाथि छानविन गर्दा नगरपालिकाका प्रमुख, प्रमुख कार्यकारी अधिकृतलगायतका कर्मचारीसमेत भ्रष्टाचारमा संलग्न भएको पाइएको छ । मनासिव कारणविना नै अस्वाभाविकरूपमा अदुवा खरिदका लागि दररेट तय गरेर नगरपालिकालाई गैरकानूनीरूपमा हानि पुऱ्याएको अभियोगमा नगरपालिकाका तत्कालीन प्रमुख भूपराज अधिकारीविरुद्ध रु १३ लाख बराबरको बिगो कायम गर्दै सोमबार विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिनुभयो । यस्तै नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत ईश्वरीप्रसाद पाण्डे, तत्कालीन बाली विकास अधिकृत अरविन्दमणि त्रिपाठी, तत्कालीन लेखापाल राजेन्द्र रेग्मी, तत्कालीन खरिदार सन्तोष कोइरालाले स्पेसिफिकेशनमा उल्लेखित कागजातको परीक्षण नै नगरी अदुवाको बीउ खरिद गरी भुक्तानीका लागि आदेश दिएको पाइएको छ। उनीहरूले पटकपटक गरी रु दुई करोड १४ लाख ५० हजार बराबरको भुक्तानी दिएको पाइएको छ । आयोगले आय करबापतको रु तीन लाख ७९ हजार पाँच सय एक बराबरको रकम घटाई रु एक करोड ९७ लाख ७० हजार चार सय ९९ बराबरको बिगो दाबी गर्दै प्रमुख प्रशासकीय अधिकृतसहितका कर्मचारीविरुद्ध बिगो असुल उपर गरी कडा कारवाहीको माग गरिएको छ।

यस्तै अदुवाको बीउ आपूर्तिकर्ता स्पुक ट्रेडर्सका प्रतिनिधि शिवप्रसाद न्यौपानेविरुद्ध पनि रु दुई करोड १० लाख ७० हजार चार सय ९९ बराबरको बिगो कायम गर्दै सोमबारनै विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ।

## 'पौडेलको सपना पूरा गर्ने जिम्मेवारी बाँचेकाको काँधमा'

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ माघ**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का केन्द्रीय उपाध्यक्ष एवं पूर्वसभामुख कृष्णबहादुर महराले विमान दुर्घटनामा निधन हुनुभएका पोखराका पत्रकार त्रिभुवन पौडेलका बाँकी सपना पूरा गर्ने दायित्व बाँचेकाहरूको काँधमा आएको बताउनुभएको छ।

नेकपा (माओवादी केन्द्र) गण्डकी प्रदेश समितिले आज स्व पौडेलको पोखरा–११ स्थित निवासमा आयोजना गरेको श्रद्धाञ्जलि सभामा उहाँले छोटो समय बाँचे पनि पौडेलले पत्रकारिता र समाजले सदा सम्झने काम गरेको बताउनुभयो। उपाध्यक्ष महराले अकल्पनीय दुर्घटनामा पौडेलको निधनको खबरले आफूलाई धेरै दुःखित बनाएको बताउनुभयो । उहाँले भन्नुभयो, 'त्रिभुवनले मेरो प्रेस सल्लाहाकार भएर काम गर्नुभयो । अहिले पनि काठमाडौँ जाँदा सधैँ घरमा आउनुहुन्थ्यो । छोराहरू, बुहारी सबैसँग राम्रो सम्बन्ध थियो, हामी एकै परिवारको सदस्य जस्ता भएका थियौँ । पत्रकारिता, राजनीतिक क्षेत्रलगायत विषयमा कुराकानी हुन्थ्यो। म आज नै घटनास्थलमा पुगेर आएँ । घटनाबाट म स्तब्ध छु।' उपाध्यक्ष महराले पौडेलका परिवारका लागि पार्टीका तर्फबाट सक्दो सहयोग गर्ने र आफू सधैँ साथमा रहने बताउँदै यस विषयमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग कुराकानी गर्ने बताउनुभयो । शोकसभामा माओवादी केन्द्र गण्डकीका अध्यक्ष गायत्री गुरुङ, माओवादी केन्द्रका नेता झलकपाणि तिवारी, कास्की जिल्लाका इन्चार्ज राजकाजी गुरुङलगायतले स्व पौडेलको योगदानका बारेमा चर्चा गर्नुभएको थियो । यसैबीच उपाध्यक्ष महराले विमान दुर्घटनामा परिवारका तीन सदस्य गुमाउनुभएका पोखरा-४ निवासी मदनकाजी श्रेष्ठ र सञ्चारकर्मी अनिल शाहीको परिवारसँग पनि भेट गर्नुभएको छ । श्रेष्ठका छोरा ३८ वर्षीय डा सुशील श्रेष्ठ, बुहारी डा शोना श्रेष्ठ र १५ महिनाको नातिको दुर्घटनामा निधन भएको थियो । यसैगरी सञ्चारकर्मी शाहीको दुर्घटनाको नौ दिनपछि सोमबार पोखरामा अन्त्येष्टि गरिएको छ। स्व शाही पोखरा-१ बगरस्थित रेडियो एपोष्टलका प्रबन्ध निर्देशक हुनुहुन्थ्यो । माघे सक्रान्तिको बिहान काठमाडौँबाट पोखरा आउँदै गरेको यती एयरलाइन्सको विमान सेती नदी खोँचमा दुर्घटना हुँदा ७२ जनाको ज्यान गएको थियो। दुर्घटनामा परेका एक जना अझै फेला पर्न सकेका छैनन्।

## ६० जनाको शव सम्बन्धित परिवारलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ माघ**

पोखरामा विमान दुर्घटनामा मृत्यु भएका यात्रुमध्ये ६० यात्रुको शव सम्बन्धित परिवारलाई बुझाइएको छ।

यती एयरलाइन्सले आज एक विज्ञप्ति जारी गरी दुर्घटनामा मृत्यु भएका ७० शवमध्ये ६० जनाको शव परीक्षण गरेर सम्बन्धित परिवारलाई बुझाइएको बताएको छ । 'आजसम्म ७० जनाको शव पोष्टमार्टम भइसकेको र ६० जनाको शव (काठमाडौँ र पोखरा) बाट सम्बन्धित परिवारलाई हस्तान्तरण गरिसकेका छौँ', यती एयरलाइन्सद्वारा जारी विज्ञप्तिमा भनिएको छ । त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्जको फरेन्सिक मेडिसिन विभागका अनुसार सनाखत भएका चार जनाको शव हस्तान्तरण गर्न बाँकी रहेको र सनाखत नभएका छ जनाको शव सनाखत गरी हस्तान्तरण गर्ने प्रक्रियामा रहेका छन् । हराइरहेका दुई जनाको शव भने खोजी कार्य भइरहेको बताइएको छ । यस्तै, घटनास्थलबाट सङ्कलन गरी फरेन्सिक विभागमा ल्याइएका मानव अङ्गको डिएनए परीक्षण कार्य भइरहेको एयरलाइन्सले जनाएको छ । विमान दुर्घटनाको कठिन परिस्थितिमा मृतकको परिवार तथा आफन्तलाई प्रक्रिया पूरा नहुञ्जेलसम्म धैर्यधारण गरी सहयोग गरिदिनुहुन एयरलाइन्सले अनुरोध गरेको छ।

## त्रिभुवन पौडेलको स्मृतिमा अक्षयकोष स्थापना गरिने

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ माघ**

नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश समितिका संस्थापक अध्यक्ष स्व त्रिभुवन पौडेलको स्मृतिमा अक्षयकोष स्थापना गरिने भएको छ।

सङ्घका कावा अध्यक्ष सोनी शर्माको अध्यक्षतामा आज यहाँ बसेको बैठकले समितिका संस्थापक अध्यक्ष स्व पौडेलको स्मृतिमा रू १० लाखको अक्षयकोषस्थापना गर्ने निर्णय गरेको पत्रकार महासङ्घ गण्डकीका महासचिव गोविन्द सुवेदीले जानकारी दिनुभयो।

पत्रकार महासङ्घ गण्डकीले पाँच लाख रुपैयाँ तत्काल कोषमा राख्ने र बाँकी पाँच लाख प्रदेश अन्तर्गतका जिल्ला शाखा र शुभचिन्तकसँग समन्वय गरेर जुटाउने उहाँले बताउनुभयो।

हरेक वर्ष स्वर्गीय पौडेलको स्मृतिमा 'संस्थापक अध्यक्ष त्रिभुवन पौडेल स्मृति पत्रकारिता पुरस्कार' प्रदान गरिनेछ । पुरस्कारका लागि आवश्यक थप कार्यविधि पनि बनाइने जनाइएको छ। यसैबीच पत्रकार महासङ्घ गण्डकीले सोमबारनै स्वर्गीय पौडेलको निवासमा पुगेर श्रद्धाञ्जलिसभा गरेको छ । श्रद्धाञ्जलि सभामा कावा अध्यक्ष शर्माले गण्डकी प्रदेश मात्र नभइ सिङ्गो पत्रकारिताको क्षेत्रमा उहाँको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो।

पौडेलेको माघ १ गते पोखराको सेती नदीको खोंचमा भएको यति एयरलायन्सको जहाज दुर्घटनामा परी निधन भएको थियो। स्व पौडेल नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य र पत्रकार महासङ्घ गण्डकीको सल्लाहकार समेत हुनुहुन्थ्यो। उहाँ दुई दशकदेखि पत्रकारिता क्षेत्रमा आवद्ध हुनुहुन्थ्यो। उहाँले पोखरा हटलाइन दैनिक, रेडियो अन्नपूर्ण र नेपाल टेलिभिजनलगायतका मिडियामा काम गरिसक्नुभएको थियो। हाल उहाँ पोखरा हटलाइन दैनिकको प्रकाशक/सम्पादक हुनुहुन्थ्यो।

## गण्डकी प्रदेशमा मन्त्रालयको सङ्ख्या घटाइयो

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ माघ**

गण्डकी प्रदेश सरकारले मन्त्रालयको सङ्ख्या घटाएको छ। यसअघि १२ वटा मन्त्रालय रहेकोमा त्यसलाई घटाएर सात बनाइएको प्रदेश सरकारका प्रवक्ता एवं मन्त्री सीताकुमारी सुन्दासले जानकारी दिनुभयो।

उहाँका अनुसार सङ्ख्या घटाएर मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, सामाजिक विकास मन्त्रालय तथा स्वास्थ्य मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र कृषि तथा जलस्रोत मन्त्रालय बनाइएको छ।

मन्त्रालयको सङ्ख्या कटौतीसँगै मन्त्रिपरिषद्ले छिट्टै पूर्णता पाउने मन्त्री सुन्दासको भनाइ छ । मन्त्रालयको सङ्ख्या कटौती नहुँदासम्म विना विभागीयमन्त्रीका रूपमा शपथ लिनुभएका तीन जनामन्त्रीको जिम्मेवारी बाँडफाँट हुन सकेको थिएन। गत पुस २५ मा मुख्यमन्त्री खगराज अधिकारीसहित तीन विना विभागीयमन्त्रीले पद तथा गोपनीयताको शपथ लिनुभएको थियो । विना विभागीयमन्त्रीका रूपमा नेकपा (माओवादी केन्द्र) का हरिबहादुर चुमान, नेकपा (एमाले)बाट सीताकुमारी सुन्दास र राष्ट्रिय प्रजातन्त्र पार्टीका पञ्चराम गुरुङ रहनुभएको छ।

## राष्ट्रपतिको निर्वाचन समयमै हुनुपर्ने

**रासस**
**काठमाडौं, ९ माघ**

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले निर्धारित समयमै राष्ट्रपतिको निर्वाचन गर्न सरकार र निर्वाचन आयोगसँग आग्रह गरेको छ । कांग्रेस सभापति शेरबहादुर


बाँकी अन्तिम पृष्ठमा ▸▸





# कुलपति रनिङ सिल्डमा इन्द्र राज्यलक्ष्मी क्वाटरफाइलन प्रवेश

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ माघ**

गण्डकी विश्वविद्यालयको आयोजनामा सोमबारदेखि कुलपति रनिङ सिल्ड फुटबल प्रतियोगिता सुरु भएको छ। पोखरा रंगशालामा गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले सोमबार प्रतियोगिताको उद्घाटन गरेका हुन्।



सोमबार भएको उद्घाटन खेलमा इन्द्र राज्यलक्ष्मी माध्यमिक विद्यालय विजयी भएको छ। पोखरा रंगशालामा भएको पहिलो खेलमा इन्द्र राज्यलक्ष्मीले ग्लोबल कलेजियट माध्यमिक विद्यालयलाई ३-१ ले पराजित गरेको हो। राज्यलक्ष्मीको जितमा दीपक गोलेले २ र सुजल नेपालीले १ गोल गरे। ग्लोबलका लागि मन्दीप गुरुङले १ गोल फर्काए। खेलको सुरुआत चौथो मिनेटमै राज्यलक्ष्मीका गोलेले गोल गर्दै अग्रता दिलाएका थिए। त्यसको ८ मिनेटपछि १२ औं मिनेटमा ग्लोबलका मन्दीपले बराबरी गोल फर्काएका थिए। त्यसपछि पहिलो हाफमा गोल हुन सकेन। दोस्रो हाफमा ४२ औं मिनेटमा राज्यलक्ष्मीका सुजलले गोल गर्दै टिमलाई २-१ को अग्रता दिलाए। खेलको इन्जुरी समयमा राज्यलक्ष्मीका दीपक गोलेले गोल गर्दै ३-१ को जित दिलाए। विजयी इन्द्र राज्यलक्ष्मीले क्वाटरफाइनलमा प्रवेश गरेको छ। अब क्वाटरफाइनलमा राज्यलक्ष्मीले छोरेपाटन माध्यमिक विद्यालयसँग मंगलबार खेल्नेछ। पराजित ग्लोबलकलेजियटप्रतियोगिताबाट बाहिरिएको छ। खेल ३०-३० मिनेटको खेलाइएको थियो।

य स अ f घ प्रतियोगिताको उद्घाटन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले खेलाडी र प्रतियोगिताको सफलताको शुभकामना व्यक्त गरे। 'खेलकुदका माध्यममार्फतशारीरिकसुगठन,निरोगी, स्वास्थ्य रहने यस प्रतियोगिताले र यस विश्वविद्यालयले सहयोग गर्नेछ भन्ने विश्वास मैले लिएको छ,' उनले भने। विश्वविद्यालयका कुलपति प्राडा. गणेशमान गुरुङले पहिलोपटक आयोजना गरेको प्रतियोगिता सहभागी भएको खेलाडी धन्यवाद प्रकट गरे। उनले विश्वविद्यालयले आजको आवश्यकता र परिस्थितिलाई हेरेर विषयहरु अध्यापन गराउँदै आएको बताए। यो प्रतियोगिताले खेलकुदको विकासमा थप टेवा पुग्ने गुरुङले दाबी गरे।

खेलकुदको विकास सम्वर्द्धन र संरक्षणका खातिर योजनावद्ध र प्रतिवद्धयुक्त दक्ष जनशक्ति उत्पादन गर्न यो प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने प्रतियोगिताका संयोजक डा. मधुसूदन सुवेदीले बताए। 'स्पोर्टस् हबका रुपमा परिचित गण्डकी प्रदेशभित्रका उदयीमान खेलाडीको प्रतिभालाई प्रस्फुटन गर्न एकाग्रता, स्वच्छ प्रतिस्पर्धाको भावना विकास गरी खेलकुदप्रति आकर्षण पैदा गर्न यो प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेका छौं,' उनले भने।

प्रतियोगिताको विजेताले १ लाख र उपविजेताले ५० हजार रुपैयाँसहित ट्रफी र मेडल प्राप्त गर्नेछ। प्लेयर अफ द टुर्नामेन्टलाई ट्रफिसहित १० हजारको व्यवस्था गरिएको छ।

यो विश्वविद्यालय नेपालमै पहिलो पटक प्रदेश सरकारद्वारा स्थापना गरेको विश्वविद्यालय हो। विश्वविद्यालयले विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नुका साथसाथै विश्वविद्यालयले अन्वेषण र अनुसन्धानलाई समेत प्राथमिकतामा राख्दै आइरहेको छ। यो विश्वविद्यालय स्नातक तहमा खेलकुद व्यवस्थापन विषयको पठनपाठन सुरु गरेको नेपालकै पहिलो र एकमात्र विश्वविद्यालय हो। विश्वविद्यालयले खेलकुद क्षेत्रको समग्र विकासलाई विशेष प्राथमिकता दिइरहेको संयोजक मधुसूदन सुवेदीले बताए।

# फोर्स मोटर्सको अत्याधुनिक सर्भिस सेन्टर पोखरामा

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ माघ**



फोर्स मोटर्सको आधिकारीक बिक्रेता आयाम इन्टरकन्टिनेन्टल प्रा.लि ले सोमबारबाट पोखराको चाउथेमा अत्याधुनिक सर्भिस सेन्टर संचालनमा ल्याएको छ।

सो सर्भिस सेन्टरको एक समारोहबीच नाडा अटोमोबाइल्स एशोसिएशन अफ नेपाल तथा हिमालयन अर्गनाइजेशनका अध्यक्ष ध्रुब बहादुर थापा, फोर्स मोटर्सका अन्तराष्ट्रिय बिक्री प्रबन्धक सुनिल संक तथा पश्चिमाञ्चल अटोमोबाइल्स डिलर्स एशोसिएशनका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले संयुक्त रुपमा रिबन काटेर उद्घाटन गरेका हुन्।

फोर्स मोटर्सले आफ्ना ग्राहकलाई गाडी बिक्री गरेपछिको सहि र सहज किसिमको सेवा दिनको लागि सर्भिस सेन्टर संचालनमा ल्याएको कार्यक्रममा जानकारी दिईएको छ। गाडी बिक्री पछिको आधुनिक सेवा तथा पार्टपूर्जाहरुको सेवा दिने उदेश्यले अन्तराष्ट्रिय स्तरको आधुनिक सर्भिस सेन्टर पोखराको चाउथेमा संचालनमा ल्याएको अध्यक्ष थापाले बताए।

फोर्स मोटर्सको चाउथेमा सोरुम पनि यसअघिबाटै संचालनमा रहेको छ। फोर्सका ग्राहकले सर्भिस सेन्टरमा अत्याधुनिक सेवा सुविधाका साथ गाडीको मर्मत गर्ने र पार्टपूर्जा फेर्नका लागि अब कुनै कठिनाई नभएको थापाले जानकारी दिए। सर्भिस सेन्टर करिब ७ रोपनी जग्गामा फैलिएको छ। सेन्टरबाट ग्राहकले गाडीको स्पेयर्स तथा सर्भिस सेन्टर एउटै स्थानबाट छिटो छरितो आधुनिक सेवा दिईने आयाम इन्टरकन्टिनेन्टल प्रा.लि.का प्रबन्ध निर्देशक निरन के.शी ले जानकारी दिए। बितेका ८ वर्षदेखि आयम इन्टरकन्टिनेन्टल प्रा.लि.ले नेपाल फोर्स ब्राण्डका गाडीहरु आयात र बिक्री बितरण गर्दै आएको छ। फोर्स मोटर्सले नेपालमै सबैभन्दा बढी सिट क्षमता भएको १४ सिटे जिपको बिक्री वितरण गर्दै आएको छ। यस्तै कम्पनीले पिकअप भ्यान, स्कुल बस, माईक्रो बस तथा उच्चस्तरको एम्बुलेन्स बिक्री गर्दै आएको छ। कम्पनीका काठमाडौंको गैरीधारा तथा इटहरीमा आफनै शाखा रहेका छन्। यसका देशभर २२ वटा डिलर नेटवर्कबाट फोर्सका गाडीहरु बिक्री र बिक्री पछिको सेवा दिईदै आएको सो अबसरमा जानकारी दिईयो। आयाम कन्टिनेन्टलले फोर्स मोटर्सका नयाँ मोडलका बस र जीपहरु छिटै नेपाली बजारमा ल्याउन लागेको जानकारी दिएको छ। केहि समयअघि गुर्खा जिप नेपाली बजारमा ल्याईएको थियो।

कार्यक्रममा नेपाल युवा यद्यमी मञ्चका अध्यक्ष शुयस मल्ल, स्थानय यातायातका प्रदेश संयोजक केदार पौडेल, नाडा अटोमोबाइल्स एशोसिएशन अफ नेपालका उपाध्यक्ष मोहनबाबु खड्का, फोर्सका अन्तराष्ट्रिय बिक्री प्रबन्धक सुनिल संक, पश्चिमाञ्ल अटोमोबाइल्स डिलर्स एशोसिएशनका अध्यक्ष कृष्णप्रसाल श्रेष्ठ लगायतले शुभकामना व्यक्त गर्दै बिक्री मात्रै नभई बिक्री पछिको समयमा पति ग्राहकका लागि सबै सुविधा एकै ठाउँबाट दिनेगरी सर्भिस सेन्टर संचालनमा ल्याउनु महत्वपूर्ण कार्य भएको बताए। मिलन केशीले संचालन गरेको कार्यक्रमको अध्यक्षता नाडा अटोमोबाइल्स एशोसिएशन अफ नेपाल तथा हिमालयन अर्गनाइजेशनका अध्यक्ष ध्रुब बहादुर थापाले गरेका थिए।

# पोखरा महोत्सवमा आयोजित टिकटक प्रतियोगिताको उपाधी गोलेलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ माघ**

एघारौं पोखरा महोत्सवमा आयोजित टिकटक प्रतियोगिताको उपाधी लक्ष्मण गोलेले हात पारेका छन।



प्रतियोगिताको उपाधी संगै गोलेले नगद ३० हजार र प्रमाणपत्र प्राप्त गरे। गोलेले महोत्सव स्थलमा राखिएको टिकटक निर्माण स्थलमा टिकटक बनाएर सर्वाधिक भ्युज ल्याउन सफल भएका थिए। गोलेको भिडियोले १.९ मिलियन भ्युज ल्याएका थिए। त्यसैगरी प्रतियोगितामा जमुना थापा मगरले १.६ मिलियन भ्युज बटुल्दै दोश्रो स्थान हासिल गर्न सफल रहिन। दोश्रो स्थान संगै थापा मगरले नगद २० हजार र प्रमाणपत्र प्राप्त गर्न सफल बनिन। त्यसैगरी प्रतियोगितामा भाग लिइ महोत्सवमा धेरै भिडियो निर्माण गरी टिकटक प्रतियोगिताको सन्देश प्रबाह गरी सहयोग गरेका मिङ मिङ पुनलाई मायाको चिनो सहित सम्मान गरिएको थियो। प्रतियोगिताका बिजेताहरुलाईटिकटकप्रतियोगिता प्रयोजन गर्ने अल्ट्राबाइट प्रा.लि., एजुकेशन डाइट प्रा.लि.का गण्डकी प्रदेशका निर्देशक पूर्ण कुमार श्रेष्ठ, आशिष इन्स्टीट्युट प्रा.लि.का सञ्चालक आशिष पाण्डे, क्लवका अध्यक्ष राजु श्रेष्ठ, टिकटक प्रतियोगिताका संयोजक शिब थापा लगायतले नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरेका थिए। प्रतियोगितामा ४ सय ५० बढीले भाग लिएका थिएभने समग्रमा करिब १ करोड १७ लाख भ्युज पुगेको थियो। महोत्सव आयोजक युनाइटेड क्लबले टिकटकलाई रमाईलो मात्र नभइ संस्कृतिको संरक्षण र सभ्य समाज निर्माण संगै टिकटक चलाएर पनि प्रतियोगितामा सहभागीता हुन सकिने र नगद जित्न सकिने सन्देश प्रदान गर्ने उद्देश्यले टिकटक प्रतियोगिताको आयोजना गरिएको महोत्सवको प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।

महोत्सवको तेह्रो दिनसम्म आइपुग्दा करिव दुई लाख ४० हजार दर्शकले महोत्सवको प्रत्यक्ष अवलोकन गरेका छन। महोत्सवमा दर्शकको भीड संगै कारोबार समेत बढेको छ। महोत्सवको तेह्रो दिन सम्म आइपुग्दा ८ करोड ६० लाख बराबरको कारोबार भएको महोत्सवका अर्थ ब्यवस्थापन उपसमिति संयोजक सूर्य बहादुर बानियाले जानकारी दिए। महोत्सवको तेह्रो दिन सोमबार महोत्सवमा उपस्थित दर्शकहरुलाई चर्चित लोकदोहोरी गायक श्याम राना, अस्मिता डल्लाकोटी, जीवन दाहाल, शिवहरी ढुंगाना, मधु थापा मगर, किसन नेपाली, सानु बिकास, कमला सुनार लगायतको प्रस्तुतीमार्पत दर्शकहरुले भरपुर मनोरन्जन लिएका थिए। त्यसैगरी साँझको लाईभ ब्याण्ड तर्फ अन्तराष्ट्रिय ख्यातिप्राप्त ब्याण्ड मन्त्रको प्रस्तुती मार्फत युवाहरुले भरपुर मनोरन्जन लिएका थिए।

महोत्सवको अन्तिम दिन मंगलवार लोकदोहोरी तर्फ प्रजापति पराजुली, जीवन दाहाल, तारापति सुवेदी, चोलेन्द्र पौडेल, शंकरविरही गुरुङ, शिवहरी ढुंगाना, तुलसा जिसी, दुर्गा क्षेत्री, कमला सुनार लगायतको प्रस्तुती रहनेछभने साँझको कन्सर्ट तर्फ चर्चित र्‍यापर एएनटीएफ बाट चर्चित भएका र्‍यापर माइलाको प्रस्तुती रहने प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।

# भद्रकाली माविको नेपाल विद्यार्थी संघको अध्यक्षमा दिपक

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ माघ**

पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली माविमा नेपाल विद्यार्थी संघको कार्यसमिति विस्तार गरेको छ।



सोमवार भएको भेलाले समितिको सभापतिमा दिपक पौडेल, उपसभापतिमा सुरज विक, सचिवमा अनिश सुनार, सह सचिवमा प्रमिला सुनार, कोषाध्यक्षमा पुष्पराज सापकोटा चयन भएका छन्। त्यसैगरी सदस्यहरुमा क्रमश भरत गुरुङ, विनोद सुनार, सेनिका पौडेल, मिना विक, मुना विक, सर्मिला परियार, संजय श्रेष्ठ, अन्तिम नेपाली, रविन नेपाली, सन्दिप सापकोटा र सुदिप परियार रहेका छन्। पोखरा इन्जिनियरिङ्ग कलेजको स्वतन्त्र विद्यार्थी परिषद्को सभापति बिराट सिग्देलले भेलाको उद्घाटन गर्दै संघले विद्यार्थीको हक अधिकार र गुणात्मक शिक्षाको लागि सहकार्य गर्दै जाने भने।

# राष्ट्रपति...

देउवा निवास धुम्बाराहीमा पार्टी पदाधिकारी र पूर्वपदाधिकारीको सोमबार भएको बैठकले सो निर्णय गरेको प्रवक्ता डा प्रकाशशरण महतले जानकारी दिनुभयो। बैठकले कुनै पनि कानुनी अड्चन देखाएर राष्ट्रपतिको निर्वाचन पछि सार्न नहुनेबारे सरकार र निर्वाचन आयोगको ध्यानाकर्षण गराएको हो। बैठकमा राष्ट्रपतिको निर्वाचन समयमै गर्नुपर्ने र कुनै कानुनी समस्या भए त्यसलाई समाधान गरी निर्वाचन प्रक्रियालाई अघि बढाउनुपर्ने सम्बन्धमा छलफल भएको उहाँले बताउनुभयो। कांग्रेसले राष्ट्रपतिको निर्वाचनका सम्बन्धमा अरू दलको पनि सहयोग लिएर प्रस्तुत हुने दृष्टिकोण राखेको प्रवक्ता महतले बताउनुभयो। यसका लागि कांग्रेसले संसद्मा रहेका अन्य दलसँग पनि सरसल्लाह गर्ने जनाएको छ। नेपालको संविधानको धारा ६३ मा राष्ट्रपतिको कार्यकाल पाँच वर्ष हुने उल्लेख छ। राष्ट्रपति विद्यादेवी भण्डारी २०७४ साल फागुन २९ गते दोस्रो कार्यकालका लागि सो पदमा निर्वाचित हुनुभएको हो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

- थमस हार्डी

## सम्पादकीय

# मन्त्रालय घटाउने साहस

गण्डकी प्रदेश सरकारले १२ वटा मन्त्रालयलाई घटाएर ७ वटा मन्त्रालयको टुंगो लगाएको छ । मुख्यमन्त्री खगराज अधिकारीले सत्तारुढ दलका नेताहरुसँग आइतबार गरेको छलफलमा १२ वटा मन्त्रालयलाई ७ मा झार्ने सहमति भएको थियो । सोमबार विहान मन्त्रालयहरु टुंगिएका छन् । अब मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, आर्थिक मामिला, अन्तरिक मामिला तथा कानुन, भौतिक पूर्वाधार विकास, सामाजिक विकास तथा स्वास्थ्य, उद्योग, पर्यटन, वन तथा वावरण र कृषि तथा जलस्रोत मन्त्रालय रहनेछ। सत्ता साझेदार दलका सांसदहरू मन्त्री बन्न लाइन लाग्दा प्रदेश सरकारले मन्त्रालयको संख्या घटाउने निर्णय गरेको छ।

मन्त्रालय घटाएर सबै मन्त्रालयको महत्त्व बढाउने बनाइएको छाविगतमा भौतिक पुर्वाधार मन्त्रालयलाई धेरै बजेट चलाउन पाउने बनाइएको थियो । अहिलेका सबै मन्त्रालयको काम धेरै गर्नुपर्ने खालका छन । कुनै मन्त्रालयलाई फालाफाल त कुनै मन्त्रालय भूमिका विहीन जस्तो असन्तुलन हटाउन एकहद सम्म सफल भएको छ। एउटै पार्टीका मन्त्री बिचमा मन्त्रालयको बजेट र भुमिकालाई लिएर शत्रुको जस्तो ब्यवहार हुने गरेको थियो । फरक पार्टीका मन्त्रीबीच बैठकमा हात हालाहालको अवस्था आएको थियो । मन्त्रिपरिषदले सोमबार गरेको निर्णय अनुसार अब गण्डकीमा तीन जना मात्र मन्त्री थपिनेछन् । यी तीन मन्त्रीमा कुन दलले कति पाउने भन्ने भागबण्डा अहिलेसम्म मिलेको छैन । प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डले मन्त्रालयको संख्या घटाउने र खर्च कम गर्दै जाने प्रदेशका सांसदहरूलाई जानकारी गराइ सकेका छन । कुनै नेता र सांसदलाई मन्त्री बनाउनका लागि मन्त्रालय बढाउने र गठबन्धन तोड्ने पक्षमा नेतृत्व देखिदैन ।

मन्त्रालयको संख्या घटाइएपछि मन्त्री बन्ने सम्भावना नदेखेका सांसदका आँखा अब प्रदेश सभाका पदाधिकारीतर्फ सोझिएका छन् । नियमावली वनाएर मन्त्रालयको बनावट अनुसारको समिति बनाउनुपर्छ । संसदीय समिति र पार्टीका संसदीय दलका पदाधिकारी बनाएर नेतृत्व विकास गर्दै लान सकिन्छ । मन्त्री बन्न दौडधुप गरिरहेका सांसदले संसदीय दल र संसदीय समितिबाट भुमिका देखाउन सक्ने ठाउँ रहन्छ । गण्डकीको सत्ता साझेदार दलहरू एमालेका २२, माओवादी केन्द्रका ८ र राप्रपाका २ जना सांसद छन । गठबन्धनमा अलि घुर्की लगाएर मन्त्री लिन खोज्दा जनताले हेरिरहेका छन भन्ने हेक्का राख्नुपर्छ । सबै सांसदलाई मन्त्री बनाउँछु र सबै सांसद अहिल्यै मन्त्री बन्नुपर्छ भनेर कसैले पनि सोच्नु हुँदैन ।

गण्डकी प्रदेश सरकारले मन्त्रालयको संख्या घटाइएसँगै कर्णाली प्रदेशमा पनि घटाइएको छ । सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रदेशमा मन्त्रालयको संख्या घटाउने निर्णय गरेको छ। सत्तारुढ दल नेकपा माओवादी केन्द्र र नेकपा एमालेबीच भएको मन्त्रालयको संख्या घटाउने सहमतिले पूर्णता पाएको छ। मन्त्रिपरिषद्को बैठकले जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयलाई भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा गाभ्ने निर्णय गरेको छ । तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले सत्ता साझेदार दल नेपाली कांग्रेसलाई भागवण्डा मिलाउनका लागि मन्त्रालय फुटाएका थिए। अब प्रदेशमा ७ सदस्यीय मन्त्रिमण्डल बन्ने छ।वाग्मती प्रदेशमा पनि मन्त्रालय घटाउन कार्यदल बनेको छाप्रदेश नं १ले पनि मन्त्रालय घटाउने निर्णय गरेको छालुम्बिनी प्रदेशमा पनि घटाउने सहमति भएको छ । अब बढाएर आलोचना सहनु भन्दा घटाएर जनताको मन जित्ने काम गर्नु आवश्यक छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाव |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जिप दुर्घटनामा एकको मृत्यु, सात घाइते

पोखरापत्र संवाददाता

म्याग्दी, ९ माघ

म्याग्दीको मङ्गला गाउँपालिका-२ काफलगौरमा सोमबार दिउँसो भएको जिप दुर्घटनामा एक जनाको मृत्यु भएको छ। थाइवाङबाट बेनीतर्फ आउँदै गरेको ग १ ज ६९३८ नं को बोलेरो जिप दुर्घटना हुँदा सात जना घाइते भएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ।

प्रहरी निरीक्षक राजन ढकालले मङ्गला-१ की ६० वर्षीया फौमाया गर्बुजाको उपचारको क्रममा बेनी अस्पतालमा मृत्यु भएको जानकारी दिनुभयो । उहाँका अनुसार घाइते मङ्गला-२ की ३४ वर्षीया सन्तु केसी, १० वर्षीया सिवानी कसी र पाँच वर्षीया रिवान केसीलाई थप उपचारका लागि पोखरा पठाइएको छ। मङ्गला-१ की १५ वर्षीया बबिना परियार उपचारपछि घर पठाइएको छ भने मङ्गला-२ की २२ वर्षीया विपना कार्की, मङ्गला-१ का ३८ वर्षीय तेजबहादुर गर्बुजा, मङ्गला-२ का ५० वर्षीय भूमिकला नेपालीको बेनी अस्पतालमा उपचार भइरहेको छ । ओरालो सडकमा जिप पल्टिएर दुर्घटना भएको थियो । जिप चालकलाई नियन्त्रणमा लिएर छानबिन सुरु गरिएको प्रहरी निरीक्षक ढकालले बताउनुभयो।

# मनाङमा विकास निर्माणका कार्य प्रभावित

पोखरापत्र संवाददाता

मनाङ, ९ माघ

यहाँका विकास निर्माण प्रभावित भएका छन् । जाडो याम सुरु भएलगत्तै मानवीय चहलपहल घटेको छ । वर्षा र हिउँदका कारण हरेक आर्थिक वर्षमा एक तिहाइभन्दा बढी समय निर्माण गर्न सकिने अवस्था नरहने पूर्वाधार विकास कार्यालयका प्रमुख जय विष्टले बताउनुभयो।

उहाँका अनुसार यस अवधिमा निर्माणका लागि यहाँको वातावरण प्रतिकूल रहने र बाँकी समयमा मात्र विकास निर्माणका काम गर्नुपर्ने हुन्छ । विकास निर्माण गर्नुपर्ने भए पनि वर्षाका कारण बेँसीसहर-चामे-मनाङ-खाङसार सडक खण्डको अधिकांश स्थानमा माल्यान्ड स्लाइड, रक फल तथा काठे पुल भत्किँदा यातायात अवरुद्ध भई काम गर्ने समयमा समेत निर्माण सामग्रीको ढुवानीमा कठिनाइ हुने गरेको उहाँले बताउनुभयो।

सामग्री ढुवानीमा कठिनाइ हुँदा कतिपय सालबसाली योजना समयमै सम्पन्न गर्न समस्या हुने र बजेट फ्रिज भएर जाने गरेको विष्टले बताउनुभयो । "चिसोका कारण माथिल्लो मनाङ (ठिकुर पोखरी, पिसाङ, हुम्दे, डावल, मनाङ, खाङ्सार) मा यतिबेला तापक्रम एकदमै ऋणात्मकमा डाउनफल हुन्छ, यसले गर्दा सम्पूर्ण विकास निर्माणका काम प्रत्यक्ष प्रभावित भएका छन्, निर्माणका काम पूर्ण रूपमा ठप्प छन्", प्रमुख विष्टले भन्नुभयो, "थानचोक, स्यालक्यु, १५ तिमाङ, दानाक्यु, बगरछाप, ओडार, ताचै, धारापानी, थाँचे, तिल्चे, नाचै, ताल, घेराङलगायत स्थानमा भने हालसम्म पनि फाटफुट काम भइरहेको छ।"

हालसम्म यहाँ हिमपात नभएको उहाँले बताउनुभयो । अब यहाँ हिमपात हुने सम्भावना नजिकिँदै गएको देखिएको छ, कम मात्रामा भएका कार्यसमेत अवरुद्ध हुनसक्ने उहाँले बताउनुभयो। यहाँ १२ महिनामा बढीमा चारदेखि पाँच महिना मात्रै निर्माणको काम सहज रूपमा गर्न सकिने उहाँको भनाइ छ। यहाँका बासिन्दा जाडो छल्न बेसी झर्नु अनि वसन्तको आगमनसँगै उकालो चढ्नु मनाङवासीको पुरानो रीत नै हो । विशेषगरी माथिल्लो मनाङ (सदरमुकाम चामेभन्दा माथि)का बासिन्दा यतिबेला खुला होटल तथा अन्य घरधनी भेटिन मुस्किल हुने उहाँ बताउनुहुन्छ । यद्यपि तल्लो मनाङ (सदरमुकाम चामेभन्दा ताल) मा भने कम मात्रामा स्थानीयवासी रहेको र यहाँ अहिले पनि निर्माण आंशिक रूपमा भइरहेको बताइएको छ।

# विद्यार्थी कुट्ने प्रधानाध्यापक प्रहरी नियन्त्रणमा

पोखरापत्र संवाददाता

तनहुँ, ९ माघ

तनहुँको घिरिङ गाउँपालिकास्थित चन्द्रज्योति माध्यमिक विद्यालय अध्ययनरत विद्यार्थीलाई कुट्ने प्रधानाध्यापक प्रेम थापालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

होस्टेलमा बसेर एसइई परीक्षाको पूर्वतयारी गरिरहेका ४२ विद्यार्थीले शर्तपालन नगरेको भन्दै प्रअ थापाले उनीहरूलाई कुटपिट गरेका हुन् । उक्त होस्टलमा बसेर पढ्दै आउनु भएकी भीमाद नगरपालिका-४ बरण्डाँडा निवासी लिलामाया आलेलाई सजाय दिने क्रममा कुटपिट गर्दा घाइते हुनुभएको थियो । लट्ठीले हान्दा चोट लागेर घाइते भएकी छात्राको बेलचौतारास्थित जिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान उपचार केन्द्रमा उपचारपश्चात घर फर्किएको इलाका प्रहरी कार्यालय बेलचौतराका प्रहरी निरीक्षक यामप्रसाद अर्यालले जानकारी दिनुभयो।

आफ्नै छोराछोरी सम्झेर राम्रोसँग पढ्नु भन्ने हेतुले सामान्य कुटपिट गरेको प्रअ थापाको भनाइलाई उद्धृत गर्दै निरीक्षक अर्यालले बताउनुभयो । अन्य विद्यार्थी अवस्था सामान्य रहेको पनि उहाँले स्पष्ट पार्नुभयो । होस्टेलमा बसेर अध्ययन गरेका विद्यार्थीको लिएको 'टेस्ट' परीक्षामा अधिकांश विद्यार्थीले सही उत्तर नलेखेपछि सजाय स्वरुप पिटेको स्वीकार प्रअ थापाले गर्नुभएको निरीक्षक अर्यालले जानकारी दिनुभयो।

घाइते विद्यार्थीका अभिभावकले कुटपिट गर्ने शिक्षकलाई विद्यालयबाट निकाल्नुपर्ने माग गर्दै विद्यालय परिसरमा दबाब दिएका थिए । घटनाको जानकारी पाएपछि घटनास्थलमा पुगेको प्रहरी टोलीमाथि पनि अभिभावकले मदिरा सेवन गरी अराजकता मच्चाउन खोजे पनि प्रहरीले संयमता अपनाइएको उहाँले बताउनुभयो । गणित विषयको परीक्षामा अधिकांश विद्यार्थीले राम्रो नतिजा नल्याएपछि एक हप्ता अघिको शर्त पूरा नगरेको भन्दै प्रअ थापाले पिटेको जानकारी पाएको गाउँपालिकाका शिक्षा शाखाका प्रमुख बाबुराम गैह्रेले जानकारी दिनुभयो। कुटपिट गर्ने शिक्षकलाई प्रहरीले नियन्त्रणमा लिई आवश्यक अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी निरीक्षक भानु शर्माले जानकारी दिनुभयो।

# सीपले बदलिदिएको महिलाको दैनिकी

रासस

बागलुङ, ९ माघ

चार वर्ष पहिलेसम्म तमान गाउँका महिलाको दैनिकी घाँस दाउरा, चुलोचौको र मेलापात गरेर बत्थ्यो । सामान्य खर्चका लागि परनिर्भर हुनुपर्ने अवस्था थियो भने अहिले उनीहरू आफैँ कमाउन सक्ने बनेका छन्।

आफ्नै सीपले आत्मनिर्भर बनेपछि उनीहरूको अनुहारमा खुसी छाएको छ । यस गाउँका महिलाले अहिले ढाका उद्योग सञ्चालन गरेर उद्यमी बनेका छन्। चार वर्ष अगाडि तमानखोला गाउँपालिकाले दिएको तालिमले अहिले उनीहरूको दैनिकी नै बदलिएको छ । महिलाले तमान गाउँमा कल्याण आमा समूहको भवनमा उद्योग सञ्चालन गरेका छन् । उद्योग सञ्चालनमा आएपछि उनीहरूको बिहान बेलुका घरको काम र दिउँसोभर उद्योगमा बित्ने गरेको छ। पहिले घरको काम र बालबच्चाको स्याहारसुसारमा व्यस्त महिला अहिले भने कपडा बुन्नमा व्यस्त छन् । उद्योगले उनीहरूको दैनिकी फेरिदिनुका साथै आयआर्जनको माध्यम बनेको छ । उद्योगमा कति महिला त बच्चासमेत बोकेर उद्योगमा आउँछन् । गाउँपालिकाले गाउँमा २० महिलालाई तालिम दिए पनि अहिले उद्योगमा सात जना मात्रै काम गर्छन् । उनीहरू आलोपालो तान चलाउने र धागो मिलाउने काम गर्छन् । उद्योगमा सात जनाको समूह भए पनि उनीहरूले ११ वटा तान राखेका छन् । त्यसमध्ये केही बुन्ने काम गर्छन् त केहीले सामान व्यवस्थापन र धागो मिलाउने गर्छन्। समूहमा धेरैजसो युवती सक्रिय छन् भने केही वृद्ध महिला पनि आबद्ध भएर काम गरिरहेको कल्याण आमा समूहकी अध्यक्ष तनिमा घर्तीमगरले बताउनुहुन्छ। "गाउँमा पहिले रोजगार गर्ने अवसर पाइएको थिएन, सीप पनि सिक्न पाएका थिएनौँ, सीप भन्ने ठूलो सम्पत्ति रैछ, सीप भयो भने जहाँ गए पनि काम गर्न सकिन्छ, भोकले मर्न पर्दो रैनछ", उहाँले भन्नुभयो, "गाउँका दिदीबहिनी धेरैले अहिले सीप सिकेका छौँ, सीप भएन भने भोकले मर्ने हो, हामीले सीप सिकेर धेरै फाइदा भएको छ, अहिले काम पनि राम्रो हुँदै गएको छ, यसको प्रतिफल पनि राम्रै पाउने छौँ भन्ने आशा छ, बाहिरबाट पनि मान्छेहरू यहाँ आउने गर्नुहुन्छ।"

उनीहरू उद्योग सञ्चालनमा आएपछि धेरै ठाउँबाट माग आएपछि आफूहरूलाई निकै हौसलासमेत मिलेको उहाँ बताउनुहुन्छ। उहाँले १४ महिलाको लगानीमा उद्योग सञ्चालन गरेको बताउनुभयो । घर्तीमगरले समूहका सबैले सुरुमा रु ६०/६० हजार लगानी गरेर उद्योग सञ्चालन गरेको बताउनुहुन्छ । आफूहरूले उत्पादन गरेका कपडा धेरैजसो गाउँमै बिक्री भएको र बजारसम्म पुऱ्याउनका लागि बढी उत्पादन गर्न थालेको उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, "हामीहरूलाई अझै केही मेसिन आवश्यक छन्, ती मेसिन आए भने अझै काम गर्न सहज हुने थियो, दिदीबहिनीको लगानीमा उद्योग सञ्चालन गरेका हौँ, अहिलेसम्म राम्रो भइराखेको छ, माग पनि ठिकठिकै छ र उत्पादन पनि ठिकै छ, अब विस्तारै ठूलाठूला बजारमा पठाउने गरी काम गरिराखेका छौँ, अहिले बजारका लागि केही समस्या छ, विस्तारै त्यसको पनि व्यवस्थापन हुन्छ कि, गाउँपालिकाले सहयोग गरे राम्रो हुन्थ्यो।" उद्योगमा आबद्ध हुँदै आउनुभएकी जुनुमाया घर्तीमगरले आफूहरूले ढाकाबाट सल, टोपी, गलबन्दी, इस्टकोट, झोला, खादालगायतका कपडा बनाउँदै आएको उद्योगमा आबद्ध जुनुमाया घर्तीमगरले बताउनुभयो । उहाँले उद्योग सञ्चालनमा आएको केही समय राम्रो व्यापार भए पनि अहिले बजार व्यवस्थापनमा समस्या रहेको बताउनुहुन्छ । कपडा निर्माण गर्न चाहिने धागो तथा अन्य सामान बुर्तिबाङ, पोखरा तथा काठमाडौँबाट ल्याउने गरेको उहाँको भनाइ छ । सरकारले बजार व्यवस्थापनमा लागि सहयोग गरे आफूहरूलाई थप सहज हुने जुनुमायाले बताउनुभयो । एउटा सल बुन्नको लागि दुईदेखि तीन दिनसम्म लाग्ने गर्छ । अरु कपडा बुन्नका लागि एक दिनदेखि हप्ता दिनसम्म लाग्ने उहाँको भनाइ छ। उत्पादन गरेको एउटा गलबन्दीको मूल्य एक हजारदेखि १५ सयसम्म र सलको १२ सयदेखि दुई हजार पाँच सयसम्म पर्ने गरेको उहाँ बताउनुहुन्छ।

"अहिले हाम्रो मुख्य समस्या भनेकै बजार हो, बजार व्यवस्थापन भयो बने हामीहरूको आम्दानी पनि राम्रो हुन्थ्यो, अरु त अहिले खासै समस्या छैन, उत्पादन बढिराखेको छ, बजार राम्रो भयो भने उद्योग फस्टाउने थियो", उहाँले भन्नुभयो, "ढाका बुनाइले हामीहरूलाई उद्यमी बनायो, खुसी छौँ, परिवार चलाउन सहज भएको छ, पहिलेको जस्तो अवस्था छैन ।" तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले ढाका सञ्चालकलाई आवश्यक सहयोग गर्दै आएको बताउनुभयो । उहाँले पालिकाकै पहलमा तालिम सञ्चालन गरेर उद्योग स्थापना गरेको बताउनुभयो। पछिल्लो समय लोप हुँदै गएको ढाका बुनाई गाउँमा स्थापित उद्योगले ब्युँताएको उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, "यो ढाका उद्योगले परम्परागत ढाका बुनाइलाई ब्युँताएको छ, मौलिक कलासँग जोडिएको ढाका बुनाइ बूढापाकाले मात्रै गर्ने गरेको सन्दर्भमा गाउँपालिकाले नयाँ पुस्तालाई तालिम दियौँ र अहिले उद्योगनै सञ्चालनमा आएको छ, यसले पुरानो संस्कृति जोगाएको छ, उद्यमीलाई पर्ने समस्याको समाधान हामीहरू गर्छौं ।" उहाँले उद्यमीलाई थप तालिम, आवश्यक मेसिन र बजारीकरणका लागि गाउँपालिकाले योजना बनाएको भन्दै उत्पादनलाई गुणस्तरीय बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले महिला परनिर्भरबाट आत्मनिर्भर बनेको भन्दै अब तमानखोलाका हरके महिलालाई सीप सिकाई उद्यमसँग जोड्ने बताउनुभयो। ढाका बुनाइसँगै यहाँका बेरोजगार युवाका लागि अन्य सीप सिकाइ रोजगार बनाउने गाउँपालिकाको योजना रहेको सुनाउनुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः २०५७ माघ २८ गते

स्वर्गारोहणः २०७९ माघ १ गते

**स्व. प्रिती राना**

हाम्रा यस रामबजार तायाः मचाः नाच समिति रामबजार-१०/१५ पोखराका बाल नृत्य कलाकार रामबजार पोखरा-१० निवासी हिमाल राना र बबि गुरुङका कान्छी छोरी **प्रिती राना** को २०७९ माघ १ गते काठमाडौंबाट पोखरा आएको यती एयरलाइन्सको पोखरामा भएको अकल्पनीय बिमान दुर्घटनामा परी यस समितिका नृत्य कलाकार **प्रिती राना**को २२ वर्षको उमेरमा असामयीक स्वर्गारोहण भएकोमा हामी रामबजार तायाः मचाः नाच परिवार अति मर्माहत भएका छौं । यस दुःखद घडिको आज १०औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**सम्मर बहादुर श्रेष्ठ**

**अध्यक्ष तथा**

**रामबजार तायाः मचाः नाच समिति**

**रामबजार १०/१५ पोखरा परिवार**

# टाइगर कप भलिबलमा आर्मी र एपिएफ बिजयी, महिला तर्फ एपिएफ

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ माघ**

'तेश्रो टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित खुल्ला क्लव च्याम्पियनसिप महिला तथा पुरुष भलिबल प्रतियोगिता २०७९'मा विभागिय टोली नेपाली सेनाको त्रिभुवन आर्मी क्लब र एपिएफ क्लवले पुरुषतर्फ खेल जितेका छन् ।



टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा पोखरा रंगशालामा जारी प्रतियोगितामा विभागिय टोलीहरुको वर्चश्व रहेको हो। नेपाल आर्मीले विदेशी पाहुना टोली सेन्ट जोसेफ वाज स्पोर्टस क्लव श्रीलंकालाई ३-० को सोझो सेटमा जित निकाल्दा एपिएफले अर्को विभागिय टोली नेपाल पुलिस क्लवलाई ३-१ को सेटमा पाखा लगाएको हो।

जारी प्रतियोगितामा नेपाल आर्मीले सेन्ट जोसेफ वाज स्पोर्टस क्लव श्रीलंका विरुद्ध पहिलो सेट २५-२० दोश्रो सेट २५-१६ र तेश्रो सेट २५-१० ले जित्यो । जारी प्रतियोगितामा आर्मीको यो पहिलो जित समेत हो। उसले ३ अंक प्राप्त गरेको छ। उक्त खेलमा आर्मीका मान बहादुर श्रेष्ठ म्यान अफ दि म्याच र वेष्ट स्पाइकर धन बहादुर भट्ट घोषित हुँदै नगद तथा गिफ्ट भौचर प्राप्त गरे।

त्यसै गरी पुरुषतर्फ नै आज भएको अर्को एक खेलमा एपिएफले पुलिस विरुद्ध जित निकाल्दै ३ अंक प्राप्त गरेको छ। जारी लिगमा एपिएफको यो दोश्रो जित हो । एपिएफले दुई खेल लगातार जित्दै ६ अंक बटुलेको छ । पुलिस विरुद्धको खेलमा पहिलो सेट २५-२१ ले आफ्नो पक्षमा पारेको एपिएफ दोश्रो सेटमा भने २५-२१ ले पुलिसलाई सुम्पिन पुग्यो। तेश्रो सेट २५-२१ र चौथो सेट २५-१८ ले जित्दै एपिएफले खेल आफ्नो पक्षमा पार्यो। उक्त खेलमा वेष्ट स्पाइकर एपिएफका टेकराज अवस्थी र म्यान अफ दि म्याच एपिएफकै विजय थापा घोषित भए।

यसै गरी जारी प्रतियोगितामा महिलातर्फ एपिएफले घरेलु टोली गण्डकी प्रदेशलाई ३-० को सोझो सेटमा पराजित गरेको छ। पहिलो सेट २५-११ ले जितेको एपिएफले दोश्रो सेट २५-१९ र तेश्रो सेट २५-१६ ले जित्दै विजयी सुरुवात गरेको छ । उक्त खेलमा म्यान अफ द वोमन एपिएफकी सरस्वती चौधरी भएकी छन्।

प्रतियोगितामा महिलालतर्फ नेपाली सेनाको त्रिभुवन आर्मी क्लव, गण्डकी प्रदेश, शसस्त्र प्रहरीवलको एपिएफ क्लव, र होङ्गवान्जी न्यू डायमण्ड स्पोर्टस क्लब रहेका छन् । प्रतियोगिता अन्तर्गत मंगलबार महिलातर्फ दुई र पुरुषतर्फ २ गरी चार खेल हुने आयोजकले जानकारी दिएको छ । भोली मंगलबार बिहान ९ बजेबाट सुरु हुने पहिलो खेल महिलातर्फ एपिएफ र होङवान्जी न्यू डायमण्ड र दोश्रो खेल ११ बजे त्रिभुवन आर्मी क्लव र घरेलु टोली गण्डकी प्रदेशका विच हुनेछ । त्यसै गरी पुरुषतर्फको पहिलो खेल दिउसो १ बजे श्रीलंकाको सेन्ट जोशेफ वाज स्पोर्टस क्लबले नेपाल पुलिसको सामना गर्नेछ भने दोश्रो खेल आयोजक गण्डकी प्रदेश र एपिएफका विच हुनेछ।

यसै गरी पुरुषतर्फ नेपाल आर्मीको त्रिभुवन आर्मी, सेन्ट जोशेफ वाज स्पोर्टस् क्लब श्रीलंका, नेपाल प्रहरीको नेपाल पुलिस क्लब, शसस्त्र प्रहरीवलको एपिएफ क्लव, गण्डकी प्रदेशको टिमको सहभागिता रहेको छ।

गत वर्ष सम्पन्न दोश्रो संस्करणमा महिलातर्फ एपिएफ क्लबले उपाधि हात पारेको थियो भने पुरुषतर्फ गत सस्करणको उपाधि विजेता नेपाल आर्मी रहेको थियो । आयोजकले गत वर्षको तुलनामा पुरस्कार राशी दोब्बर बनाएको छ । महिला-पुरुष दुवैतर्फ उपाधी विजेता टिमहरुलाई रु ५-५ लाख रुपैया नगद, उपविजेता टिमलाई समान नगद रु २ लाख ५० हजार, तेश्रो हुने टिमलाई नगद रु १ लाख २५ हजार र सान्त्वना हुने टिमलाई नगद रु ६५ हजार सहित ट्रफी र प्रमाण पत्र प्राप्त गर्नेछन्।

प्रतियोगितामा हरेक दिनको खेलमा उत्कृष्ट खेलाडीलाई नगद ५ हजार र ३ हजार बराबरको स्वास्थ्य परिक्षण कुपन भौचर प्राप्त गर्ने छन् । त्यस्तै महिला तथा पुरुषतर्फ उत्कृष्ट एक-एक खेलाडीले जनही समान नगद रु २५-२५ हजार प्राप्त गर्नेछन् भने हरेक विद्याका उत्कृष्ट खेलाडीहरु प्रशिक्षकलाई नगद समान नगद १०-१० हजार र ट्रफी सहित सम्मान गर्ने आयोजकले जनाएको छ। प्रतियोगिता सम्पन्न गर्न करिब ८० लाख रुपैया खर्च हुने आयोजकले जनाएको छ । प्रतियोगिता सफल बनाउन आयोजक सस्था टाइगुर ग्रुप अफ पोखरा नेपालका अध्यक्ष नारायण शर्माको नेतृत्वमा १ सय १ सदस्यीय मूल आयोजक समिति र उपाध्यक्ष देवेन्द्र केसीको संयोजकत्वमा विभिन्न उपसमिति गठन गरिएको छ।



तनहुँको व्यास नगरपालिका-४ स्थित भोर्लेटारचोकमा राखिएको घुम्ती शौचालय । व्यास नगरपालिकाले सञ्चालनमा ल्याएको घुम्ती शौचालयले सर्वसाधारणलाई राहत मिलेको छ । तस्बिर : कृष्ण न्यौपाने/ रासस

# वन्यजन्तु आतङ्क नियन्त्रण गर्न रुख फँडानी अभियान

**पोखरापत्र संवाददाता**
**पर्वत, ९ माघ**

बाँदरले खेती बाली सखाप पारेको तथा खेतबाट ल्याएर घरमा थन्काएको बालीसमेत घरभित्रै छिरेर लैजाने गरेको गुनासो कृषकले गर्न थालेका छन्।

बाँदरले बाली खाइदिँदा खेतीयोग्य जमिनसमेत बाँझो छोड्नु परेको उनीहरूको भनाइ छ । जिल्लाका कृषकले आफ्ना स्थानीय तहहरूलाई बाँदर आतङ्क नियन्त्रणका लागि केही न केही गरिदिन पटकपटक अनुरोध गर्दै आएका छन् । यही गुनासोको सुनुवाइ गर्दै जिल्लाको महाशिला गाउँपालिकाले बाँदर छोपेर अन्यत्रै पठाउने काम पनि गरेको थियो । बाँदर छोप्न विज्ञ टोली ल्याएर छोपिएका बाँदरलाई राष्ट्रिय निकुञ्जमा पठाएको थियो। जिल्लाका धेरै ठाउँमा बाँदर धपाउन कृषक खेती बाली रुँगेर बसिरहेको अवस्था छ। लगाएको बाली बाँदरले नष्ट पारेपछि धेरै कृषक कृषिबाट विस्थापित हुँदै जाने क्रम बढिरहेको छ । यही समस्या बढ्दै गएपछि जिल्लाको पैयुँ गाउँपालिकाले भने बाँदर नियन्त्रणका लागि बस्ती आसपासका रुख र झाडी काटेर सफा गर्ने अभियान सुरु गरेको छ। बाँदरको आतङ्क न्यूनीकरणका साथै बस्ती संरचनाको सुरक्षाका लागि रुख काट्न थालेको बताएको छ । "पालिकाका सबैजसो वडामा बाँदरको बिगबिगी बढेपछि त्यसको नियन्त्रण गर्न रुख काट्न लागिएको हो। बाँदरले बालीनालीका साथै घरमा राखिएको अन्नपातसमेत खाएर हैरान पारेपछि कृषकले बाँदर नियन्त्रणका लागि अनुरोध गर्नुहुन्छ । बाँदरलाई नियन्त्रणमा राख्ने ठ्याक्कै उपाय पनि त छैन", गाउँपालिका अध्यक्ष तोरण मल्ल ठकुरीले भन्नुभयो, "बस्ती र खेतीयोग्य जमिनबाट ८० मिटर वरपरका रुख काट्न थालिएको छ । बाँदरको आतङ्कले कृषकले उत्पादन गरेका बालीनाली र मान्छेलाई पनि क्षति पुग्ने गरेको छ ।" बाँदर नियन्त्रण गर्ने उपाय यही नै छ भन्ने नभएकाले कम्तीमा पनि झाडीमा घेरिएका घर वरपरको सरसफाइको लागि रुख काट्ने अभियान थालिएको हो । विगतमा बसाइँसराइ कम भएको तथा जनसङ्ख्या वृद्धिदर बढी हुँदा गाउँमा चहलपहल हुने गरेको भए पनि अहिले तिनै गाउँहरू सुनसान बन्दा जङ्गली जनावरको आतङ्क बढेको छ। "पहिले जनसङ्ख्या धेरै थियो । बसाइँसराइ पनि हुँदैनथ्यो । अहिले जन्मदर घटेको छ। बसाइँसराइ निरन्तर बढेको छ। गाउँघर सुनसान बनेका छन्। गाउँमा रहेका केहीले खेतीपाती गरे पनि बाँदर, दुम्सी, चरा, मृगलगायतले खाइदिन्छन्", मल्लले भन्नुभयो, "गाउँ रित्तो भइसक्यो। खेतबारी जङ्गल बनिसके । रुख काटियो भने केही कम हुनसक्छ भनेर यो निर्णय गरेका हौं । गाउँपालिकाका सातवटै वडामा बस्ती आसपासका रुखहरू हटाउने छौँ।"

रुख काट्ने अभियानका लागि गाउँपालिकाले नै प्रत्येक वडामा एक/एक वटा रुख काट्ने मेसिन र १५ दिनका लागि दुई/दुई जनाको दरले कामदार खटाएको छ । सन्तानलाई सुविधायुक्त विद्यालयमा पढाउने, स्वास्थ्य सुविधाको पहुँच हुनेलगायतका कारण ग्रामीण बस्तीबाट सहरमा बसाइँसराइ बढिरहेको अवस्था छ। गाउँका घर खाली हुँदै गएका छन् भने बस्ती नै रुखले ढाकिरहेको अवस्था छन्। बस्तीसम्मै रुख र झाडी बन्दा बाँदरलगायतका अन्य वन्यजन्तुको पहुँच मानव बस्तीमा बढिरहेको छ।

बाँदरले बर्खाको समयमा मकै सखाप पार्छ भने हिउँदको समयमा धान, सुन्तला, फलफूल, आलु, तरकारी, अलैँची र अम्लिसो टुसा नै च्यातेर तहसनहस पार्ने गरेको छ । घरभित्र राखेको अन्न समेत बाँदरबाट जोगाउन नसकिने अवस्था आउँदा कृषक हैरानीमा परेका छन्। गाउँपालिकाले नै निर्णय गरेपछि वडा कार्यलयले पनि निर्णय कार्यान्वयनका लागि रुख काट्ने अभियान तीव्रताका साथ चलाइरहेका छन्। पैयुँ गाउँपालिका-१ टकलाकका वडाध्यक्ष मीनप्रसाद न्यौपानेले गाउँ जङ्गलले ढाकिएर बाँदरलगायतका आक्रामक वन्यजन्तुको जोखिम बढ्दै गइरहेकाले गाउँपालिकाको निर्णयअनुसार तत्कालै बस्ती आसपासका रुख हटाउन थालिएको बताउनुभयो।

# दीर्घरोगीलाई गाउँपालिकाले मासिक पाँच हजार

**पोखरापत्र संवाददाता**
**बागलुङ, ९ माघ**

जिल्ला सदरमुकाम बागलुङ बजारसँग जोडिएका काठेखोला गाउँपालिकाले हरेक वर्ष नयाँ काम गर्दै आएको छ।

गाउँपालिकाले यस वर्षदेखि पालिकाभित्रका दीर्घरोगी नागरिकलाई प्रतिमहिना भत्ता दिने व्यवस्था मिलाएको छ । गाउँपालिको १२औं गाउँ सभाबाट दीर्घरोगीलाई जीवन निर्वाह खर्च दिने निर्णय गरेको हो । गाउँपालिकाभित्रका दीर्घरोगीको लगत सङ्कलन गरी उनीहरूको जीवन निर्वाहमा टेवा पुऱ्याउनका लागि हरेक महिना रु पाँच हजार भत्ता प्रदान गर्ने व्यवस्था गरेको गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिनुभयो । अध्यक्ष थापा भन्नुहुन्छ, "गाउँपालिकामा जो नागरिक दीर्घरोगी छन्, पहिचान गरेर उहाँहरूको जीवन निर्वाहमा सानो भए पनि राहत पुगोस् भन्ने हिसाबले हामीहरूले यो कार्यक्रम सञ्चालन गर्न थालेका हौँ, जसलाई पनि यो समस्या पर्न सक्छ, हामीहरूले उहाँहरूलाई स्थानीय सरकारले थोरै भए पनि आभास गराउनु छ, दुःख सुखमा साथ दिनु छ ।" गाउँसभाले समपूरक कोषको रु एक करोड ४० लाख र सञ्चित कोषको रु दुई करोड पाँच लाख गरी कूल रु तीन करोड ४५ लाख बजेट विनियोजन गरिएको छ । उक्त बजेटबाट २४ वटा योजना सम्बोधन गरिएको अध्यक्ष थापाले बताउनुभयो। गाउँसभाले विभिन्न विधेयक पारित गरेको छ । गाउँसभाले आर्थिक वर्ष २०७९/८० को संशोधित बजेट पारित गरेको छ । गत असारमा सम्पन्न गाउँसभामा सङ्घीय सरकारबाट प्राप्त हुने रु ४८ करोड ४४ लाख ४५ हजार, प्रदेश सरकारबाट रु दुई करोड ९१ लाख ७८ हजार, आन्तरिक स्रोतको रु ४० लाख, मालमोततर्फ रु पाँच लाख र सञ्चितकोषमा रु तीन करोड १० लाख गरी कूल रु ५४ करोड ९१ लाख २३ हजारको बजेट पारित गरेको थियो । अहिले राष्ट्रपति शैक्षिक सुधार र अर्थिङ लगायतको बजेट थपिएर आएकाले गाउँपालिकाको कूल बजेट रु ५७ करोड ८७ लाख ४० हजार दुई सय ४३ पुगेको गाउँपालिकाका उपाध्यक्ष तिलक थापाले जानकारी दिनुभयो।

गाउँपालिकाको चालू बजेट रु ३३ करोड ६५ लाख १७ हजार दुई सय ४३ र पूँजीगततर्फ रु २४ करोड २२ लाख २३ हजार रहेको उहाँको भनाइ छ। चालू बजेटको ४५ दशमलव ९५ प्रतिशत र पूँजीगततर्फ छ दशमलव ७५ प्रतिशत मात्रै बजेट खर्च भएको र आर्थिक वर्षको पहिलो छ महिनामा गाउँपालिकले आर्थिक विकासतर्फ १३ दशमलव ४३ प्रतिशत, सामाजिक विकासतर्फ पाँच दशमलव ३३ प्रतिशत, पूर्वाधार विकासतर्फ पाँच दशमलव ७२ प्रतिशत, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा छ दशमलव ८७ प्रतिशत र कार्यालय सञ्चालनमा १३ दशमलव २६ प्रतिशत वित्तीय प्रगति भएको उपाध्यक्ष थापा बताउनुहुन्छ।

गाउँपालिकाले छ महिनाको अवधिमा कूल ४५ शीर्षकबाट रु २९ लाख ९३ हजार एक सय २३ कर सङ्कलन गरेको गाउँपालिकाका प्रवक्ता टिमनसङ्गम विकले जानकारी दिनुभयो। नागरिकलाई प्राकृतिक प्रकोपका रूपमा रहेको चट्याङको प्रकोपबाट बचाउनका लागि प्रदेश सरकारसँगको सहकार्यमा चट्याङबाट हुने क्षति न्यूनीकरण गर्ने परियोजना सञ्चालन थालिएको उहाँले बताउनुभयो।

गाउँपालिकाले यस आर्थिक वर्षमा ११ विधेयक तयार गरिएको समेत जनाएको छ । गाउँपालिकाले आर्थिक विकासतर्फ कृषि तथा पशुमा २१ दशमलव शून्य नौ प्रतिशत, उद्यम विकासको १५ दशमलव पाँच प्रतिशत, सहकारीको १२ दशमलव पाँच प्रतिशत वित्तीय प्रगति भएको उहाँको भनाइ छ । सामाजिक विकासतर्फको शिक्षा युवा तथा खेलकुदमा ५७ दशमलव शून्य नौ प्रतिशत, स्वास्थ्यमा ४१ दशमलव पाँच प्रतिशत, महिला, बालबालिका, ज्येष्ठ नागरिकमा ७४ दशमलव ४५ प्रतिशत वित्तीय प्रगति भएको गाउँपालिकाले जनाएको छ । चालू आर्थिक वर्षमा गाउँपालिकामा कूल तीन सय ३९ योजनामध्ये जम्मा एक सय ५४ योजना सम्झौता भएको र सम्झौता भएकामध्ये २१ योजना मात्रै निर्माण सम्पन्न भएको विक बताउनुहुन्छ । गाउँसभाले बजेट संशोधन विधेयकसहित विभिन्न १२ विधेयक र ऐन पारित गरेको उहाँको भनाइ छ।

# अन्नपूर्ण गाउँपालिका वडा नम्बर ६ लुम्लेमा सुनगाभा कप तथा प्रविण गुरुङ सांस्कृतिक साँझ हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ माघ**

अन्नपूर्ण गाउँपालिका वडा नम्बर ६ लुम्लेमा सुनगाभा कप तथा प्रविण गुरुङ सांस्कृतिक साँझ हुने भएको छ।

सुनगाभा युवा क्लबको आयोजनामा आउँदो माघ २६ गतेदेखि सुनगाभा कप तथा स्वः प्रविण गुरुङ स्मृति श्रस्टा सम्मान कार्यक्रम हुन लागेको आयोजकले जनाएको छ । लुम्ले गाउँलाई पर्यटकीय गाउँ सगसगै खेलकुदवाट पर्यटन भियाउन युवाहरुले विभिन्न कार्यक्रम गर्ने भएका छन् । सुनगाभा क्लब लुम्लेको चौथो संस्कराण आयोजना गर्न लागेको उक्त कार्यक्रम फागुन ३ गतेसम्म सञ्चालन हुने वडाध्यक्ष एकदेव देवकोटाले बताए। लुम्ले गाउँमा जन्मिएका राष्ट्रिय गायक प्रबिन गुरुङको सम्झनामा आयोजना हुन लागेको कार्यक्रममा विभिन्न राष्ट्रिय ख्याती प्राप्त कलाकार हरुको प्रस्तुति रहने पुर्व वडाध्यक्ष चित्रवहादुर गुरुङले जानकारी दिए।

पुरुष भलिबल प्रतियोगितामा राष्ट्रिय स्तरका खेलाडी १ टिममा २ जना सम्म सहभागी गर्न पाइने प्रतियोगिताका संयोजक अन्तिम गुरुङले जानकारी दिए । प्रतियोगितामा ३० टिमको सहभागिता रहने अपेक्षा गरिएको गुरुङले बताए।

भलिबलको प्रथमलाई ६५ हजार, दोस्रोलाई ४० हजारसहित सिल्ड, मेडल र प्रमाणपत्रको व्यवस्था गरिएको आयोजकले जनाएको छ । साथै उत्कृष्ट खेलाडी, स्पाइकर, डिफेन्डर र सेटरलाई उचित पुरस्कारको व्यवस्था गरिएको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१